मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा

Purwanchal National Daily

सूचना

लैङ्गिक हिंसा अन्त्यको प्रतिबद्धताः व्यक्ति, परिवार रसमाजको ऐक्यबद्धता ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
विज्ञापन बोर्ड

◆ वर्ष : २६ ◆ अङ्क : २४२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ साउन १३ गते बुधवार (Wednesday, July 28. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-




सीमाको खेती

# गतवर्ष सकस, यस वर्ष सहज

**चिरञ्जीवी घिमिरे**

**झापा, साउन १२।** झापाको दक्षिणी सीमावर्ती क्षेत्रका सयौँ विगाह नेपाली भूमिमा भारतीयले खेती गर्छन् । भारतसँग झापाको १४४ दशमलव २ किलोमिटर खुला सीमाना छ ।

त्योमध्ये दक्षिणी सीमावर्ती कचनकवल, बाह्रदशी, झापा र गौरीगञ्ज गाउँपालिकाका नेपाली खेती भारतीयका भरमा छन् । भारतीयले झापामा सबैभन्दा धेरै खेती गौरीगञ्ज र झापा गाउँपालिकामा गर्दै आएको जिल्ला प्रशासन कार्यालय झापाले जनाएको छ । वर्षौं बाँझिएका खेती भारतीयले उर्वर बनाएका छन् । तर, कोरोना महामारीसँगै १४ महिनादेखि सीमा सिल छ । जसको प्रत्यक्ष असर नेपाली भूमिमा ठेक्का तिरेर खेती गर्ने भारतीयलाई परेको छ । नेपालसँग सीमा जोडिएर बसेका भारतीय वस्तीका विपन्न नागरिक नेपाली खेतीकै भरमा गुजारा चलाउँछन् । सीमाको पिलरले नरोकेको सीमावर्ती नेपाली र भारतीयको सम्बन्धलाई कोरोना महामारीले छेक्यो । भारतीय नागरिकले नेपाली भूमिमा वर्षमा उत्पादन भएको धान ठेक्का तिरेर खेती गर्दै आएका छन् । खेती गरे यता गत वर्ष सबैभन्दा धेरै समस्या झेल्नुपर्‍यो, उनीहरूले । गत वर्ष ऋण गरेर खेतीमा लगाएको लगानी समेत उठाउन सकेनन् । मकै लगाएपछि कोरोना महामारीका कारण सीमा सिल भयो ।

सीमामा बाक्लो संख्यामा सशस्त्र र नेपाल प्रहरीका पोष्ट राखियो । खेती गर्न नेपाल प्रवेश गर्नसमेत दिइएन । नेपाली खेतीमा मकै लगाएका भारतीयले नेपाल आउने प्रयास गरे । त्यो क्रममा सुरक्षाकर्मीले रोक्दा गत वर्ष झापामा खेती गर्न आउने भारतीय किसान र सुरक्षाकर्मीबीच पटक-पटक झडप भयो ।

नेपालमा खेती गर्न आएका भारतीयले खेतसम्म जान नपाउँदा सुरक्षाकर्मीमाथि आक्रमण पनि गरे ।



**गत बैशाखमा नेपाल–भारत सीमास्थित गौरीगञ्ज–१ कुञ्जीबारीमा नेपाली भूमिमा ठेक्कमा खेती गरेर उत्पादन गरेको मकै सुकाउँदै ।**

त्यो क्रममा खेती गर्न आउने किसानलाई रोक्नकै लागि झापाका धेरै ठाउँमा सुरक्षाकर्मीले हवाई फायर गर्नुपर्‍यो । सीमावर्ती क्षेत्रमा बाँझै रहेका खेतीमा पसिना बगाएका भारतीय नागरिकले उर्वर बनाएको भूमिमा फलाएको मकै गत वर्ष त्यसै कुहिएर गयो । 'अघिल्लो वर्ष त लगाएको मकै बोटमै कुहियो । नेपाल आउँदा पुलिसले भाटा हान्थ्यो'- गौरीगञ्ज-१ स्थित कुञ्जीबारीमा खेती गर्दै आएका भारत डाकुपाडाका रमेश साहले भने- 'शुरुदेखि नै मकैको स्याहार गर्न पाइएन । मकै फल्न त फलेको रहेछ । उठाउन नपाउँदै सबै बिग्रियो ।'

कुञ्जीबारीमा साहले तीन विगाह क्षेत्रफलमा मकै लगाएका थिए । जसका लागि उनले ६० हजार रुपैयाँ खर्च गरेका थिए । त्यो सबै ऋण थियो । 'ऋण गरेर केही हुन्छ कि भनेर खेती गरियो । तर, बाली उठाउन नपाउँदा ऋण तिर्न सकिएन । साहुले त बाली उठाइनस् तँलाई छुट भयो भन्दैन'- उनी भन्छन्- 'पञ्जाब काम गर्न गएर ऋण तिरेँ ।'

सीमावर्ती क्षेत्रका भारतीय नागरिकको मुख्य

*(बाँकी अन्तिम पृष्ठमा)*

# इजरायल: मासिक दुई लाख तलबमा १००० कामदार लगिँदै

**काठमाडौं, साउन १२।** इजरायलमा केयरगिभरका लागि आवेदन खुलेको छ ।

अनमी तथा सिएमए पढेकाले पहिलो प्राथमिकता पाउने उक्त अवसरमा मासिक कमाई झण्डै २ लाख हुने छ । वैदेशिक रोजगार विभागले मंगलवार सूचना जारी गर्दै २१ दिनभित्र आवेदन दिन भनेको छ ।

विभागको सूचना अनुसार विभागको वेभसाइट http://ferms.dofe.gov.np मा अनलाइन आवेदन दिन सकिने छ । इजरायलले पहिलो चरणमा एक हजार कामदार लैजाने बताएको छ । जसमा ७० प्रतिशत महिला र ३० प्रतिशत पुरुष हुनेछन् ।

मासिक तलब लगभग एक हजार छ सय अमेरिकी डलर (एक लाख ८८ हजार भन्दा बढी नेपाली रुपैयाँ) हुने विभागद्वारा जारी सूचनामा उल्लेख गरिएको छ ।

**केयरगिभरमा जान के-के योग्यता चाहिन्छ ?**

नेपाली नागरिक, २५ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको, उचाई कम्तीमा एक दशमलव पाँच मिटर (चार दशमलव नौ फिट) भएको हुनुपर्नेछ ।

त्यस्तै तौल ४५ केजी, कम्तीमा दश कक्षा उत्तीर्ण गरी अनमी वा सिएमए सम्बन्धी विषयमा १५ महिनाको अध्ययन पूरा गरेको अथवा १२ कक्षा वा सो सरहको शैक्षिक योग्यता हासिल गरी सरकारबाट मान्यता प्राप्त प्रशिक्षण केन्द्रमार्फत तालिम लिएको हुनुपर्नेछ ।

त्यसैगरी अंग्रेजी भाषामा दक्ष, शारीरिक तथा मानसिक रुपमा स्वस्थ र असल चरित्र भएको हुनुपर्ने उल्लेख छ ।

# दुई किशोरीलाई करणी गर्ने पक्राउ

**झापा, साउन १२।** १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा मेचीनगर नगरपालिका-१० गोरुहट्टी बस्ने भारत मधुवनी थाना बासोपट्टीग्राम मडिया घर भएका २२ वर्षीय सुरेन्द्र सहनीलाई सोमबारसाँझ प्रहरीले पक्राउ गरेको छ ।

सुरेन्द्रले ती बालिकालाई ललाई फकाई डरत्रास देखाई पटक-पटक जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

उता १९ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा कास्की पोखरा महानगरपालिका-२५ हेम्जा बस्ने माछापुच्छे गाउँपालिका-२५ नयाँगाउँ घर भएका ३२ वर्षीय हर्कबहादुर बिकलाई सोमबार प्रहरीले पक्राउ गरेको छ ।

बिकले ती किशोरीलाई ललाईफकाई प्रलोभनमा पारी जबरजस्ती करणी गरेको भन्ने प्राप्त जाहेरीको आधारमा जिल्ला प्रहरी कार्यालय कास्कीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । उनी उपर करणी सम्बन्धी कसूर मुद्दामा थप अनुसन्धान प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ ।

# 'पब्जी र फ्रि फायर गेम बन्द गर्न माग'



**काठमाडौँ, साउन १२।** प्रतिनिधि सभा सांसद आशाकुमारी विकले अनलाइन गेम बन्द गर्न माग गरेकी छन् ।

प्रतिनिधि सभा बैठकको शून्य समयमा बोल्दै सांसद विकले अनलाइन गेम पब्जी, फ्री फायरले बालबालिकालाई मानसिक रोग निम्त्याएको भन्दै तत्काल अनलाइन गेम बन्द गर्न माग गरेकी हुन् ।

बैठकमा उनले भनिन्- 'पब्जी र फ्रि फायर जस्ता खेलको लतमा फसेका बालबालिकामा डराउने, झस्किने जस्ता अनौठो बानी देखापरेका छन् । यसले पछि गएर मानसिक रोग पनि निम्त्याउन सक्छ । त्यसकारण अनलाइन गेम बन्द गरियोस् ।' साथै उनले सरकारले अनलाइन गेम बन्द नगरे न्याय खोज्दै अभिभावक अदालत जानुपर्ने अवस्था आउन सक्नेतर्फ पनि ध्यानाकर्षण गराएकी छन् ।

# प्रशारण लाइन निर्माणमा अवरोध

**झापा, साउन १२।** झापाको पाडाजुंगीबाट मोरङको उर्लाबारीसम्मको प्रशारण लाइन निर्माणमा स्थानीयवासीले अवरोध गरेको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका अनुसार पाडाजुंगी-उर्लाबारी ३३ केभी प्रशारण लाइन निर्माणमा स्थानीयको अवरोध भएको छ । उर्लाबारी नगरपालिका-८स्थित अठियाबारीका बासिन्दाले बत्ती बाल्नका लागि लाइन हुँदाहुँदै अर्को लाइन किन तानेको भन्दै निर्माणमा अवरोध गरेका हुन् ।

सो प्रशारण लाइनको लम्बाइ १६

*(बाँकी अन्तिम पृष्ठमा)*

# व्यवसायीलाई खोप दिन बिर्तामोड उद्योग वाणिज्य संघको माग




प्रकाश शिवाकोटी

**बिर्तामोड, साउन १२।** बिर्तामोड उद्योग वाणिज्य संघले उद्योगी व्यवसायी तथा आवद्ध श्रमिक कर्मचारीलाई तत्काल कोरोनाविरुद्धको खोप उपलब्ध गराउन माग गरेको छ ।

संघकोतर्फबाट अध्यक्ष प्रकाश शिवाकोटीले बिर्तामोड नगरपालिकालाई खोप उपलब्ध गराउन मागसहित ध्यानाकर्षण गराएका छन् । गत जेठ ३१ गते नै संघले खोपका लागि सरोकारवाला निकायसँग माग गर्दै ध्यानाकर्षण गराए पनि हालसम्म सुनुवाई नभएको शिवाकोटीको गुनासो छ ।

मंगलवार पुनः संघले बिर्तामोड नगरपालिकाको ध्यानाकर्षण गराएको हो । यसअघि नै नेपाल उद्योग वाणिज्य महासंघ केन्द्रीय समिति र १ नं. प्रदेश समितिलाई समेत बिर्तामोड उद्योग वाणिज्य संघले खोप उपलब्धतताका लागि पहल गरिदिन ध्यानाकर्षण गराएको थियो । 'संघले सरोकारवालाहरुलाई पटक-पटक खोप माग गरेर ध्यानाकर्षण गराइरहेको छ'- अध्यक्ष शिवाकोटीले भने- 'अबको विकल्प लकडाउन होइन, कोरोनाबाट बच्न सबैलाई खोप उपलब्ध गराउनु जरुरी छ ।'

कोरोना महामारीमा नागरिकको जीवन रक्षाका लागि सरकारलाई सहयोग पुर्‍याउन संघले सामाजिक उत्तरदायित्व समेत अग्रणी रुपमा वहन गरिरहेको स्मरण गराउँदै शिवाकोटीले उद्योग व्यवसाय सहज सञ्चालनका लागि उद्योगी-व्यवसायी र आवद्ध र श्रमिक कामदारलाई खोप लगाउनुको विकल्प


*(बाँकी अन्तिम पृष्ठमा)*

# एक वर्षमै ३६ अर्बको मोवाइल फोन आयात

**झापा, साउन १२।** कोरोनाभाइरस महामारीबीच नेपालमा गतआर्थिक वर्षमा मोबाइल फोनको आयातमा खर्च भएको रकम अघिल्लो आर्थिक वर्षको तुलनामा झण्डै दोब्बर पुगेको भन्सार विभागको तथ्याङ्कले देखाउँछ ।

विभागका अनुसार आर्थिक वर्ष २०७७/०७८ मा ३६ अर्ब ९० करोड ४५ लाख रुपैयाँ बराबरको ७० लाख ३० हजार ३६६ वटा मोबाइल सेट आयात गरिएको छ ।

राजश्व बापत मात्र नेपाल सरकारले पाँच अर्ब ८४ करोड रुपैयाँभन्दा बढी आम्दानी गरेको छ । आर्थिक वर्ष २०७६/०७७ मा भने १८ अर्ब १७ करोड ७४ लाख रुपैयाँभन्दा बढीको ४३ लाख ६५ हजार ९९० वटा मोबाइल सेट आयात भएको थियो । त्यसबाट सरकारले २ अर्ब ८७ करोड ९१ लाख रुपैयाँभन्दा बढी राजश्व सङ्कलन गरेको थियो । यी अवधिमा नेपालले खासगरी छिमेकी मुलुक भारत र चीनबाट मोबाइल फोनका व्याट्री पनि उल्लेख्य संख्यामै आयात गरेको भन्सार विभागको तथ्याङ्कले देखाउँछ ।



**महामारीमा पनि आयात कसरी बढ्यो ?**

कोरोनाभाइरस सङ्क्रमण नियन्त्रण तथा रोकथामका लागि सरकारले प्रतिबन्धात्मक कदमहरू चालेपछि इन्टरनेट अनलाइन गतिविधि बढेर मोबाइलको प्रयोग पनि बढेको हुनसक्ने बताइन्छ । कार्यालयका मिटिङ्गदेखि विद्यार्थीहरूको कक्षासम्म अनलाइन हुने भएपछि मोबाइलको प्रयोग पनि बढेको देखिन्छ- नेपाल मोबाइल व्यवसायी संघका अध्यक्ष पुरुषोत्तम बस्नेतले भने । क्यामेरा, कम्प्युटर र ल्यापटपबाट हुने कतिपय काम पनि मोबाइलबाटै हुने भएर त्यसको प्रयोग बढ्दै गएको हुनुपर्ने उनको तर्क छ । बस्नेतका अनुसार नेपालमा आयात गरिने मोबाइल फोनमध्ये स्मार्टफोनको हिस्सा धेरै रहेको छ जुन विशेषगरी भारत, चीन र कोरियाबाट आउने गरेको छ ।

यद्यपि कति संख्यामा स्मार्टफोन आयात भए भन्नेबारे यकिन तथ्याङ्क उनले उपलब्ध गराउन सकेनन् भने भन्सार विभागले पनि छुट्याएर तथ्याङ्क राखेको छैन । नेपालमा १५ हजारदेखि ४० हजार रुपैयाँसम्म पर्ने स्मार्ट फोनहरूको माग धेरै रहेको अध्यक्ष बस्नेत बताउँछन् ।

अर्थविद् केशव आचार्यको बुझाइमा पछिल्लो समय टेलिफोन र इन्टरनेट सेवाको विस्तारसँगै माग पनि बढेको देखिन्छ । नेपाली जनता विद्युतीय माध्यमसँग थप जोडिन चाहेका छन् र नेपालमा उसै पनि मोबाइलको पेनिट्रेशन जनसंख्याभन्दा बढी छ । डेबिट कार्ड, क्रेडिट कार्ड, क्यूआर कोड, यी सबै हेर्दा मोबाइल फोनको माग बढेको हो- उनले थपे । नेपाल राष्ट्र बैंकका अनुसार नेपालमा पछिल्लो समय मोबाइल र इन्टरनेटबाट गरिने रकम भुक्तानी बढ्दो क्रममा छ ।

राष्ट्र बैंकको भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक भूवन कँडेलका अनुसार गत वर्षको पुसमा ५० देखि ६० करोडको हाराहारीमा रहेको क्यूआर कोड भुक्तानी बढेर पछिल्लो समय मासिक दुई अर्ब ५० करोड रुपैयाँभन्दा बढी पुगेको छ ।

**बढ्दो प्रयोगले के संकेत गर्छ ?**

थप मानिसहरू सूचना प्रविधिसँग जोडिन खोज्नुलाई अर्थविद् आचार्य सकारात्मक रूपमै हेर्छन् । अझ निषेधाज्ञाका बेला विदेशमा काम गर्ने आफन्तसँग कुरा गर्नुका साथै देशभित्रै रहेका नातागोताका मान्छेसँग प्रत्यक्ष नभेटी भिडिओ कलमार्फत्रु कुराकानी बढ्नु सकारात्मक भएको उनको तर्क

*(बाँकी अन्तिम पृष्ठमा)*

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

# जिन्स लगाएको निहुँमा किशोरीको 'हत्या'



**भारत, साउन १२।** भारतमा बालिका र महिलालाई परिवारका सदस्यहरूले प्रताडित गरेका घटनाहरू प्रमुखताका साथ समाचारमा आएका छन् । ती घटनाले बालिका र महिला आफ्नै घरभित्र पनि कति असुरक्षित छन् भन्ने उजागर गरेका छन् ।

गत साता उत्तर प्रदेशमा १७ वर्षीय नेहा पासवानलाई उनका नजिकका आफन्तहरूले कुटेर हत्या गरेको आरोप लागेको छ । ती आफन्तले नेहाले जिन्स लगाएको मन नपराएका र कुटपिट गरेको आरोप छ । उनकी आमा शकुन्तलादेवी पासवानले बताए अनुसार ती किशोरीसँग उनको पहिरनबारे विवाद भएपछि उनका हजुरबा-हजुरआमा र काका-काकीहरूले लट्ठीले कुटेका थिए ।

उक्त घटना उत्तर प्रदेशको देवरिया जिल्लास्थित सवरेजी खर्ग गाउँमा भएको हो । त्यो क्षेत्र उक्त राज्यको एकदमै कम विकसित क्षेत्रमध्ये पर्छ । उनकी आमा शकुन्तलादेवीले भनिन्- 'ऊ दिनभरि व्रत बसेकी थिई। साँझमा उसले जिन्स र टप लगाएर पूजा गरी । उसका हजुरबा-हजुरआमाले त्यो पहिरनबारे आपत्ति जनाए । नेहाले लगाउनकै लागि जिन्स बनाएकाले आफूले लगाउने बताइन् ।'

उक्त विवाद बढेको र त्यसले हिंसाको रूप लिएको उनले बताइन् । शकुन्तलादेवीका अनुसार नेहा अचेत भएपछि उनका आफन्तले एउटा ट्याम्पो बोलाएर त्यसैमा अस्पताल लगेको बताए । उनले भनिन्- नीहरूले मलाई सँगै जान दिएनन् । त्यसैले मैले मेरा आफन्तलाई त्यसबारे जानकारी गराएँ । उनीहरू जिल्ला अस्पतालमा जाँदा त्यहाँ उनीहरूले नेहालाई भेटेनन् ।

भोलिपल्ट शकुन्तलादेवीले गण्डक नदीमा बनेको पुलमा एउटी किशोरीको शव झुण्डिरहेको अवस्थामा देखिएको खबर पाइन् । त्यहाँ पुगेर हेर्दा त्यो शव नेहाकै भएको थाहा भयो । प्रहरीले नेहाका हजुरबा-हजुरआमा, काका-काकी, काका-काकीका छोराछोरी र अटो ड्राइभरसहित १० जनाबिरुद्ध हत्या र प्रमाण मेटाउन खोजेको आरोपमा जाहेरी दर्ता गरेको छ ।

आरोपितले हालसम्म सार्वजनिक बयान दिएका छैनन् । वरिष्ठ प्रहरी अधिकृत श्रीयश त्रिपाठीले कुरा गर्दै हजुरबा-हजुआमा, एकजना काका र अटो ड्राइभरसहित हालसम्म चार जना पक्राउ परेको र उनीहरूसँग बयान लिइएको बताएका छन् ।

प्रहरीले बाँकी आरोपितको पनि खोजतलास गरिरहेको उनले बताए । पञ्जावको सहर लुधिआनामा निर्माण मजदुरको काम गर्ने नेहाका पिता अमरनाथ पासवान पनि उक्त घटनापछि घर फर्किएका छन् । उनले नेहा र अरू छोराछोरीलाई विद्यालय पठाउन आफूले कडा मेहनत गर्ने गरेको बताए । शकुन्तलादेवीका भनाइमा उनकी छोरी प्रहरी अधिकृत बन्न चाहन्थिन् तर अब त्यो कहिल्यै पूरा नहुने भएको छ ।

उनी आफ्ना सासू-ससुराले नेहालाई स्थानीय विद्यालयबाट पढाइ छाड्न र परम्परागत पहिरनबाहेक अन्य पहिरन नलगाउन दबाव दिने गरेको बताउँछिन् । नेहाको परिवारले उपलब्ध गराएका उनका दुई तस्वीरमा उनले आधुनिक कपडा लगाएको देखिन्छ ।

अभियानकर्मीहरू पितृसत्तात्मक सोचका कारण घरभित्रै महिलामाथि हुने हिंसा गहिरोसँग जरा गाडेको र त्यस्ता हिंसालाई घरका वरिष्ठ सदस्यद्वारा अनुमति दिइने गरेको बताउँछन् । भारतमा महिला र बालिकाहरूले गम्भीर खतराको सामना गर्नुपर्छ ।

कतिपय अवस्थामा छोराको चाहना राख्ने अभिभावकहरुले भ्रुण पहिचान गरेर छोरीको गर्भमै हत्या समेत गराइदिन्छन् । भारतमा घरेलु हिंसा निकै हुने गर्छ भने पर्याप्त दाइजो नल्याएको निहुँमा प्रत्येक दिन २० महिलाको हत्या हुने गर्छ ।

विशेषगरी साना शहर र गाउँमा बस्ने महिलाले कस्तो लुगा लागाउने, कहाँ र कोसँग जाने लगायतका विषयमा गाउँका मुखिया वा घरका पुरुष सदस्यबाट अवरोध खेप्नुपर्छ । त्यसलाई अवज्ञा गरेको ठानिए उनीहरू सजायको भागी हुनुपर्ने अवस्था छ ।

गत महिना सार्वजनिक भएको एउटा भिडिओमा छिमेकी राज्य मध्यप्रदेशको अलिपुर जिल्लामा एक २० वर्षीया महिलालाई उनका पिता र तीन दाजुभाइले निर्घात कुटपिट गरेको देखिएको थियो ।

सामाजिक आक्रोशपछि प्रहरीले उक्त घटनामा ती पुरुष सदस्यविरुद्ध जाहेरी दर्ता गराएको थियो । लैङ्गिक अधिकारवादी रोली शिवहरे भन्छिन्- एक्काइसौं शताब्दीमा पनि हामी केटीहरूले जिन्स लगाएको वा मोबाइल फोनमा बोलेको भन्दै दुर्व्यवहार गर्छौं, यो उदेकलाग्दो छ ।

*देवरियाबाट बीबीसी हिन्दीका लागि राजेशकुमार आर्यले गरेको रिपोर्टमा आधारित ।*

### प्रशारण ...

किलोमिटर छ । आन्दोलनरत् पक्षले लाइन नै तान्न नदिने अडान लिएका कारण त्यस क्षेत्रमा ३०० मिटर लाइन तान्न नसकिएको प्राधिकरणले जारी गरेको प्रेसनोटमा उल्लेख छ ।

अवरोधका कारण उर्लाबारीमा निर्माण गरिएको ३३/११ केभी सवस्टेशन सञ्चालनमा ल्याई विद्युत् आपूर्ति गर्न नसकेको बताइएको छ । नगर प्रमुख, उपप्रमुख, आन्दोलनकारीलगायतका सरोकारवालासँगको केही दिनअघि छलफल गरी निर्माण शुरु गर्ने विषयमा सहमति भएको थियो तर केही व्यक्तिले असहमति जनाउँदै निर्माणमा पुनः अवरोध गरेका हुन् । मोरङको उर्लाबारी, रतुवामाई, पथरीशनिश्चरे नगरपालिका क्षेत्रका बासिन्दाले व्यहोरिरहेको विद्युत् आपूर्तिको समस्या समाधान गर्न प्रशारण लाइन र सबस्टेशन निर्माण शुरु गरिएको प्राधिकरणको भनाइ छ ।

एशियाली विकास बैंकको ऋणमा वितरण प्रणाली सुदृढीकरण तथा विस्तार अन्तर्गत सञ्चालित आयोजनाको निर्माण सम्पन्न भएपछि त्यस भेगका करिब तीन लाख उपभोक्ताले गुणस्तरीय र भरपर्दो विद्युत् उपभोग गर्न पाउनेछन् ।

हाल उक्त स्थानमा झापाको दमकबाट दुईवटा ११ केभी फिडर लाइनमार्फत विद्युत् आपूर्ति गरिएको छ । लाइनको लम्बाइ अत्यधिक भएकाले सामान्य अवस्थामा समेत विद्युत् आपूर्तिमा समस्या आउने गरेको छ । सोही कारण फिडर लाइनको ओभरलोड र ट्रिपिङको समस्या अत्यधिक छ ।

प्राधिकरणको वितरण प्रणाली सुदृढीकरण तथा विस्तार आयोजनाका सहायक इञ्जिनियर दुर्गादत्त सुवेदी समस्या समाधान गरी प्रशारण लाइन निर्माण सम्पन्न गर्न आफूहरु लागीपरेको बताए । उनले समस्या समाधानका लागि स्थानीय सरकार तथा जिल्ला प्रशासन कार्यालयलाई समेत आग्रह गरिएको जानकारी दिए । आयोजनाका साइट इञ्जिनियर शैलेश सापकोटाले स्थानीयवासीले राखेको माग सम्बोधन गरेर प्रशारण लाइन निर्माण गरिने बताए । स्थानीयवासीले प्रसारण लाइन निर्माणको डिजाइन एन्ड ड्ङ्इङ देखाउन भनेको तथा केही अनावश्यक मागसमेत राखेको उनको भनाइ छ । एशियाली विकास बैंक प्रमुख लगानीकर्ता भएकाले आफूहरुले प्रसारण लाइनको मार्ग परिवर्तन गर्न नसक्ने र त्यसका लागि लामो प्रक्रिया हुने भएकाले स्थानीयवासीलाई नै सम्झाई बुझाई गर्नेतर्फ लागिएको उल्लेख गरे ।

### एक बर्षमै ...

छ । तर युवा होऊन् कि प्रौढ प्रविधिमा अभ्यस्त हुनु त्यसको प्रयोग गर्न सिक्नुलाई नकारात्मक रूपमा हेर्न मिल्दैन- अर्थविद् आचार्य भन्छन् । वीवीसी

# खोप नदिए औषधि आपूर्ति ठप्प पार्ने चेतावनी

**बिर्तामोड, साउन १२।** नेपाल औषधि व्यवसायी संघ झापाले अग्रपंक्तिमा खट्ने स्वास्थ्यकर्मीलाई कोभिड-१९विरुद्धको खोप उपलब्ध नगराएकोप्रति दुःख व्यक्त गरेको छ ।

औषधि व्यवसायीलाई खोप उपलब्ध नगराए लकडाउन अवधिभर विभिन्न चरणका आन्दोलन सहित व्यवसाय सञ्चालन गर्ने वा व्यवसाय बन्द गरी औषधि आपूर्ति ठप्प पार्न सक्नेसम्मको अवस्थामा पुगेको संघले निकालेको विज्ञप्तिमा उल्लेख गरिएको छ । यस्तो अवस्था सिर्जना भएमा यसको पूर्ण जवाफदेही जिल्ला प्रशासन कार्यालय र जिल्ला स्वास्थ्य कार्यलय झापा रहने पनि संघले जनाएको छ ।

संघ झापाले मंगलबार एक विज्ञप्ति निकालेर तत्काल खोप उपलब्ध गराउन पनि माग गरेको छ । महासचिव जीवनकुमार खड्काले निकालेको विज्ञप्तिमा भनिएको छ, 'खोप उपलब्ध गराउन सम्वाद गर्दा प्रमुख जिल्ला अधिकारीज्यूले निवेदन उपर तोक आदेश गरी स्वास्थ्य कार्यालय झापालाई पठाएको र सकारात्मक जवाफको आशामा रहे पनि साउन १२ गतेदेखि वितरण भइरहेको खोपको कार्यतालिकामा औषधि व्यवसायीको कतै पनि नामोच्चारणसम्म नभएकोमा संघ स्तब्ध एवम् दुखित भएको छ ।'

### व्यवसायीलाई ...

नभएको बताएका छन् । उनले पहिलो चरणमा अत्यावश्यक उद्योग-व्यवसाय र त्यसका अग्रपंक्तिमा रहने व्यवसायी तथा आवद्ध श्रमिक कामदारलाई तत्काल खोप उपलब्ध गराउन माग गरेका हुन् ।

मुलुक सञ्चालनको मेरुदण्ड, आर्थिक क्षेत्रलाई नेतृत्व गरिरहेको उद्योग-व्यवसाय सञ्चालनका लागि तत्काल खोप उपलब्ध गराउनुपर्ने उनको भनाइ छ । महामारीका कारण संकटबाट गुज्रिरहेको उद्योग-व्यवसायको सहज सञ्चालनको वातावरण सृजना गरी मुलुकलाई सामान्य जीवनतर्फ फर्काउन खोपको व्यवस्थापन निर्विकल्प भएको उनले बताए । संघले उद्योगी-व्यवसायी संघ समन्वय गरेर १० लाख डोज खोप खरिद गर्ने पहल समेत गरेको थियो । संघका सदस्य तथा समुदायका लागि खोप उपलब्ध गराउन आफूहरुले पहल गरे पनि सरकारले निजी क्षेत्रलाई खोप खरिद गर्न नदिएको र सरकारले पनि हालसम्म उद्योगी-व्यवसायी तथा आवद्ध श्रमिक कर्मचारीलाई खोप नदिएर उपेक्षा गरेको अध्यक्ष शिवाकोटीले बताए ।

# कांग्रेसः आठ लाख ५२ हजारलाई क्रियाशील सदस्यता

**झापा, साउन १२।** नेपाली कांग्रेसले देशभरका आठ लाख ५२ हजार ७११ जनालाई क्रियाशील सदस्यता प्रदान गरेको छ ।

कांग्रेसको क्रियाशील सदस्यता छानविन समितिले पार्टीको १४औं महाधिवेशन प्रयोजनका लागि देशभरबाट आठ लाख ५२ हजार ७११ जनालाई क्रियाशिल सदस्यता प्रदान गरेको हो । क्रियाशील सदस्यता छानबिन समितिका संयोजक रमेश लेखकले पार्टी सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवालाई मंगलवार बुझाएको प्रतिवेदनमा चार लाख ४३ हजार ६७८ नयाँ र चार लाख नौ हजार ३३ ले नवीकरण गरेका हुन् । जसमध्ये पुरुष ६ लाख ५३ हजार ४३८, महिला एक लाख ९९ हजार ९७ र अन्य १७६ जना रहेका छन् ।

कांग्रेसको क्रियाशील सदस्यमध्ये प्रदेश १मा एक लाख ७४ हजार ७८२, प्रदेश २ मा एक लाख १२ हजार ९४६, वाग्मती प्रदेशमा एक लाख ८६ हजार १४३, गण्डकी प्रदेशमा एक लाख १८ हजार ६३३ रहेका छन् । यस्तै, लुम्बिनी प्रदेशमा एक लाख ३० हजार ८८५, कर्णाली प्रदेशमा ५४ हजार ५६६ र सुदूरपश्चिम प्रदेशमा ७४ हजार ७५६ रहेका छन् ।

क्रियाशील सदस्यता छानबिन समितिले बुझाएको प्रतिवेदन अनुसार कांग्रेस क्रियाशील सदस्यमा १६ देखि २५ वर्ष उमेर समूहका ४० हजार ४२७, २६ देखि ४० वर्ष उमेर समूहका दुई लाख ४९ हजार ७७४, ४१ देखि ६० वर्ष उमेर समूहका तीन लाख २८ हजार २३४, ६१ देखि ७५ वर्ष उमेर समूहका ८३ हजार १० र ७५ वर्षभन्दा बढी उमेर समूहका ११ हजार ७७२ जना रहेका छन् ।

क्रियाशील सदस्यता छानबिन समितिमा ४६ खाले उजूरी तथा गुनासो प्राप्त भएको थियो । नवीकरणतर्फ ७७ वटै जिल्लाको क्रियाशील सदस्यता टुङ्गो लगाएको समितिले नयाँ क्रियाशील सदस्यता नामावलीलाई आगामी १४औं महाधिवेशनका लागि स्थगन गरी उक्त महाधिवेशनपछि प्रक्रिया पुऱ्याएर कायम गर्ने प्रतिवेदनमा उल्लेख छ ।

कांग्रेसले पार्टीका केन्द्रीय सदस्य रमेश लेखकको संयोजकत्वमा प्रदीप पौडेल, आनन्द ढुङ्गाना, जीवन परियार, श्यामकुमार घिमिरे, कल्याणकुमार गुरुङ र योगेन्द्र चौधरी सदस्य रहेको छानबिन समिति गठन गरेको थियो ।

क्रियाशील सदस्यता नामावली टुङ्गिएसँगै अब पार्टीको १४औं महाधिवेशनको प्रक्रियासमेत शुरु हुने भएको छ । शनिबार पार्टी सभापति एवम् प्रधानमन्त्री देउवाको निजी निवास बूढानीलकण्ठमा बसेको पदाधिकारी एवम् पूर्वपदाधिकारीको बैठकले क्रियाशील सदस्यता छानबिनको काम नसकिएको भन्दै साउन १२ गते अर्थात् (आजदेखि) शुरु हुने पार्टीको तल्लो तहको अधिवेशन स्थगित गर्ने निर्णय गरेको थियो । सो बैठकले पार्टीको केन्द्रीय महाधिवेशन भदौ १६ देखि १९ का बारेमा भने केही निर्णय गरेको थिएन ।

पार्टीको आज पनि पदाधिकारी एवम् पूर्वपदाधिकारीको बैठक सभापति देउवाको निजी निवासमा बसेको थियो । बैठकले क्रियाशील सदस्यता छानबिन समितिले दिएको प्रतिवेदन अध्ययन गरी अधिवेशनको नयाँ कार्यतालिका टुंगो लगाउने छ ।

**कार्यतालिका प्रभावित**

क्रियाशील सदस्यताको सम्पूर्ण काम समयमै सम्पन्न भएको कांग्रेसको १४औं महाधिवेशन अन्तर्गत मंगलवार अर्थात् साउन १२ गते गाउँ/नगर वडा अधिवेशन हुने थियो । तर, समयमै क्रियाशील सदस्यता वडास्तरमा नपुगेका कारण पार्टी पदाधिकारी बैठकले यसअघि नै वडा अधिवेशन स्थगित गरिसकेको छ ।

कांग्रेसले क्रियाशील सदस्यताको सूचीमा केन्द्रीय सभापतिबाट हस्ताक्षर भई केन्द्रीय निर्वाचन समितिलाई बुझाउने अवधि गत असार ३० गतेभित्र तोकेको थियो ।

### गत बर्ष ...

आम्दानीको स्रोत नै नेपाली भूमिमा लगाएको खेती हो । उनीहरू जमिनका मालिक नेपाललाई वर्षमा सम्झौता अनुसारको धान दिन्छन् । तर, महामारीका कारण गत वर्ष खेती गर्न नपाउँदा उनीहरू सकसमा परे । गत वर्षको ऋण अझै तिर्न सकेका छैनन्, कृषकले । 'वर्षौंदेखि यही नेपाली खेती गरेर खाँदै आएका छौं । हामीलाई त भारतको बजार जान माई खोलाले छेक्छ । नेपालको बजार आउन सजिलो हुन्छ । हाम्रो अरू केही गर्ने ठाउँ छैन । खेती बाहेक केही पनि गर्दैनौं । तर, गत साल त ऋणमा डुब्नुपऱ्यो । बाली उठाउनै पाइएन,' डाकुपाडाका चरण सिंह भन्छन्- 'अब कसरी ऋण तिर्ने भन्ने समस्या छ । खेती गरेको यतिका वर्ष भयो पहिलोपटक हामीलाई रोकियो ।'

**सीमामा रहेका नागरिकको सम्बन्ध : अप्ठ्यारोमा नेपालीको सहयोग**

नेपाल-भारत सीमाका नागरिकबीच भावनात्मक सम्बन्ध छ । विगतदेखि नै एकअर्कालाई सहयोग गर्दै आएका छन्- उनीहरू । नाकाबन्दीले उनीहरूको आवतजावत रोकिए पनि सहयोगात्मक भावनामा भने कुनै कमी आएको छैन ।

गत वर्ष नाकाबन्दीले भारतीयहरू खेतसम्म आउन नसक्दा नेपालीले नै सहयोग गरेका थिए । कतिपयको खेतमा गएर मकै भाँचेर व्यापारीकोसम्म पुऱ्याएर नेपालीले सहयोग गरेका थिए । युवाहरूले समूह बनाएर खेतमै कुहिन लागेका मकै उठाएर सहयोग गरेको भारतीय कृषक रोहित बेस्रा बताउँछन् । 'नेपालीले हाम्रो मकै उठाएर बेचिदिनुभयो । उहाँहरूले खर्च कटाएर अरू पैसा दिनुभयो'- उनी भन्छन्- 'आफैं गरेजस्तो त भएन । ऋण तिर्न पनि पुगेन । तैपनि कुहिएर जानुभन्दा त केही काम भयो नि !'

सीमामा रहेको खेती बिग्रन दिनुभन्दा सहयोग गरिएको नेपाली युवा कृष्णप्रसाद पौडेल बताउँछन् । 'हामीले युवाको टोली बनायौं, सबैको त सकिएन केहीको खेतमा मकै भाँचेर बेचिदियौं । हामीले फोन गर्थ्यौं । उहाँहरूले खेत यहाँ हो भन्नुहुन्थ्यो । हामीले काम गर्थ्यौं'- उनले भने- 'उहाँहरू हाम्रो छिमेकी हो । मात्र सीमाले छेकिएको हो । कोरोना नआउँदा त घरमा आउजाउ पनि हुन्थ्यो । हामीले त्यही भएर सहयोग गऱ्यौं । हामीले पारिश्रमिक त लियौं । तर, उहाँहरूको मकै उठाएर ऋणबाट बचायौं ।'

**यसपटक खेती गर्नलाई सहज**

गत वर्ष अधिकांश भारतीय कृषकले नेपालमा लगाएको मकै कुहियो । सीमावर्ती गाउँबाट नेपाल खेती गर्न आउने प्रयास गर्दा प्रशासनले प्रवेश दिएन । त्यो बखत सुरक्षाकर्मी र भारतीय नागरिकबीच द्वन्द्व पनि निम्तिएको थियो । तर, यस वर्ष स्थानीयस्तरमा समन्वय गरेर खेती गर्न आउनेलाई सहज बनाइएको जिल्ला प्रशासन कार्यालय झापाले जनाएको छ । खेती गर्न आउनेको व्यावहारिक समस्यालाई बुझेर सुरक्षाकर्मीले समन्वय गरेर खेतसम्म आउन दिइएको झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले बताए । 'यसपटक गत सालको जस्तो पनि छैन । गत साल हामी सीमामा बढी केन्द्रित थियौं । गत साल यता (नेपाल) भएका यतै र उता (भारत) भएका भारतमा रोकेका थियौं । यसपटक नेपालीलाई आउन दिएका छौं । व्यवहारिकता बुझेर खेती गर्न आउनेलाई पनि काम गर्न दिएका छौं'- उनी भन्छन्- 'तिमीहरू नआउनू भनेर खेती नास हुन पनि त दिनुभएन नि ! पारि हाम्राले पनि गर्छन्, उनीहरू पनि पुगेर आउँछन् । हामीले यता पनि खेतसम्म आउन दिएका छौं ।'

उनका अनुसार खेती गर्न आउने भारतीयले स्थानीय सुरक्षाकर्मीको समन्वयमा स्वास्थ्य मापदण्ड पूरा गरेर आउँछन् । उनीहरू नेपालीसँग घुलमिल नभई फर्किएर जान्छन् । 'सुरक्षा मापदण्ड पूरा गरेर थारै संख्यामा आउँछन् । लगत लिएर उनीहरूलाई खेतीसम्म जान दिइन्छ'- प्रजिअ तिमिल्सिनाले भने- 'खेतीभन्दा यता-उता उनीहरू जान पाउँदैनन् । स्थानीयस्तरमा यसरी नै समन्वय भएको छ ।'

गतसाल लगाएको मकै उठाउन नपाएका कारण भारतीय किसान विस्थापित भएको झापा गाउँपालिकाका अध्यक्ष जयनारायण साह बताउँछन् । झापा गाउँपालिकाले भने यस वर्ष पनि खेती गर्न आउनेलाई कडाइ गरेको उनको दावी छ । यद्यपि जिल्ला प्रशासन कार्यालयका अनुसार सुरक्षाकर्मीसँगको समन्वयमा खेती गर्न भने सहजै छाडिएको छ । 'गतसाल लगाएको खेती उठाउन नपाउँदा धेरै भारतीय कृषक ऋणमा डुबे । यसपटक देखि न धेरै आउनै छाडे'- उनी भन्छन्- 'हामीले त अहिले पनि कोही भारतीयले खेती गरेको छ भने नेपाली आफन्तले हेरिदिनु भनेका छौं ।'

यसपटक भने प्रहरीले खेती गर्न आउन दिएको भारतीय कृषक बताउँछन् । उनीहरूले यसपटक हिउँदमा रोपेको मकै सहजै उठाएर बेच्न पाए । यस्तै, खेतमा धान रोप्न पनि सहजै पाए । 'यसपटक त धेरै सजिलो भयो नि ! पुलिसले खेतसम्म आउन दिएको छ । हामीले मकै उठाएर धान पनि लगायौं'- नेपालतर्फ खेती गर्दै आएका भारतीय नागरिक सूर्यप्रसाद साह भन्छन्- 'पोहोर त उठाउँन नपाउँदा लागेको ऋण अझै तिर्न सकेको छैन । अब यसपालीको मकै र धानको चाहिँ पोहोरको ऋण चुक्ता हुन्छ कि !' उनी दुई विगाह नेपाली भूमिमा खेती गर्दै आएका छन् । जसबापत वर्षमा ४० मन धान साहुलाई बझाउँछन् । मकै उत्पादन गरेको चाहिँ साहुलाई दिनुपर्दैन । 'हिउँदमा मकै लगाउँछौं । बर्खामा धान लगाउँछौं'- उनी भन्छन्- 'धान १२०-१३० मनसम्म फल्छ । साहुलाई दिएर, आफूले खाएर बेचेकोले खर्च कटाएर घर चलाउन पुगेको छ ।'

यसपटक नेपाल सरकारले खेती गर्नेलाई धेरै सहज गरिदिएको कचनकवल-१ स्थित नेपाली जमिनमा खेती गर्दै आएका भारतको बाडी जमिनका कृषक अबदुल मिया बताउँछन् । 'अघिल्लो वर्ष त बोर्डरमा देखा पर्न दिँदैन थिए । यसपटक त सजिलो छ । आफ्नो खेतमा काम गर्ने, अन्त कहीं नगई घर फर्कने गरेका छौं'- उनी भन्छन्- 'पुलिसले पनि केही भन्नुभएको छैन । यसपटक त धेरै सजिलो भएको छ ।'

प्रशासनले नेपालीसँग घुलमिल हुन नदिई भारतीयलाई खेती गर्न सहज गरिदिएको कचनकवल-१ ललितबस्तीका राजेशकुमार राजवंशी बताउँछन् । 'भारतीय खेती गर्न आउँछन् । नेपालमै खेती पुर्खौंदेखि गर्दै आएका छन् । तर, यसपटक उनीहरू आफ्नो तरिकाले गरेर जान्छन् । पहिलाको जस्तो नेपाली बस्तीमा आउँदैनन्'- उनले भने- 'प्रशासनले उनीहरू आउने ठाउँ तोकिदिएको छ । त्यहाँ हामी नेपाली पनि जाँदैनौं ।'

## नेपाल औषधि व्यवसायी संघ झापाको प्रेस विज्ञप्ति

मितिः २०७८।०४।१२

औषधि व्यवसाय नेपालको इतिहासमा औषधि ऐन २०३५ आउनु भन्दा पहिला स्थापित भएको कुरा सवै सामु छर्लङ्ग छ । यसै पेशामा आवद्ध रहेर नेपाल औषधि व्यवसायी संघको शाखा कार्यालय झापामा (साविक मेची शाखा) स्थापित भएको पनि चार दशक पार गरेको हामी झापा जिल्लाका सवै व्यवसायीलाई स्मरण नै छ ।

विश्व लगायत नेपालमा पनि sars 2 covid –19 को लहरको प्रथम र चलिरहेको द्वितीय संक्रमण पनि हामी औषधि व्यवसायी Front Liner भएर Lock Down को कुनै पर्वाह नगरी सेवारत् रहेको सवै सामु जीवन्त छ । covid 19 को यस विषम् परिस्थितिमा झापा Red Zone मा छ । झापाका सवै न.पा. र गा.पा.हरु धमाधम Lock Down को तयारीमा छन् तथापी हामी स्वास्थ्य क्षेत्र असहजताका बावजुद हामी सेवामा समर्पित छौं ।

त्यसैले गत २०७८।०३।१६ गते जिल्ला प्रशासन कार्यालयमा निवेदन दर्ता गरी झापा जिल्लामा ६०० को संख्यामा औषधि व्यवसायी रहेकोले उक्त व्यवसायीहरुलाई Front Liner भएकोले खोप उपलब्ध गराउन सम्वाद गर्दा प्रमुख जिल्ला अधिकारीज्यूले निवेदन उपर तोक आदेश गरी जिल्ला स्वास्थ्य कार्यालय झापालाई पठाएको र उक्त परिपत्र हामी जिल्ला कार्यसमिति झापा स्वयम् उपस्थित भई बुझाएको र सकारात्मक जवाफको आशामा रहेको वर्तमान परिप्रेक्ष्यमा आज मिति २०७८/०४/१२ गते वितरण भइरहेको खोपको कार्यतालिकामा औषधि व्यवसायीको कतै पनि नामोच्चारणसम्म नभएकोमा झापा जिल्ला शाखा स्तबध एवम् दुखित भएको छ ।

तसर्थ खोपको उपलबधतामा औषधि व्यवसायीलाई नजर अन्दाज गरिने हो भने हामी पनि Lock Down अवधिभर र खोप नपाइञ्जेल विभिन्न चरणका आन्दोलनसहित व्यवसाय सञ्चालन गर्ने वा व्यवसाय बन्द गरी औषधि आपूर्ति ठप्प पार्न सक्नेसम्मको अवस्थामा पुगेको सूचीत गर्दै यस्तो अवस्था श्रृजना भएमा यसको पूर्ण जवाफदेहीता जिल्ला प्रशासन कार्यलय र जिल्ला स्वास्थ्य झापा रहने व्यहोरा जानकारी गराउँदछौं ।

**जीवनकुमार खड्का : महासचिव**


## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


## झापा इनर्जी लिमिटेडको जरुरी सूचना

झापा जिल्ला शिवसताक्षी नगरपालिका वडा नं. ४ ब्लुचोक क्षेत्रमा–१० मेगावाट सौर्य उर्जा (Solar Power Project) उत्पादन गर्ने गरी स्थापना भएको झापा इनर्जी लिमिटेडले परियोजनाको लागि आव्वश्यक २१ बिगाह ११ कठ्ठा जमिन खरिद गरी सकिएको र केही जमिन लिजमा समेत लिइ सकिएको व्यहोरा जानकारी गराउँदछौं ।

सौर्य उर्जा परियोजना निर्माण गर्ने कार्य आगामी २०७८ आश्विन महिनादेखि शुरु गर्ने योजना रहेकोले यस परियोजनामा धेरै इच्छुक महानुभावहरुले लगानी गरी रहनु भएको साथै कबुल रकम समेत बुझाउन बाँकी रहेकोले बाँकी रकम २०७८ श्रावण मसान्तभित्र यहाँहरुले कबुल गरेको रकम चुक्ता गरी शेयर अभिलेखीकरणमा सहयोग पुऱ्याई दिनहुन अनुरोध छ ।

**सहजीकरणको लागि :**

१. कन्काई ( खेम ओलीः ९८०६०५६००७)
२. शिवगञ्ज (लोकबहादुर रोकाः९८१४०७५३७४)
३. भद्रपुर (वसन्त वानियाँः ९८५२६७७९९९)
४. बिर्तामोड (सुवास भट्टराईः ९८५२६७७१५४)
५. काँकरभिट्टा (रामचन्द्र उप्रेतीः९८५२६७२७००)
६. हल्दिवारी (त्रिलोचन सापकोटाः ९८५२६७३१६९)
७. दूधे (नारायणप्रसाद पोखरेलः ९८४२७१०३१२)

**झापा इनर्जी लिमिटेड**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह–सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी–९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३–५३१००२/प्रशासन/विज्ञापन : ०२३–५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

**सम्पादकीय**

## सुरक्षाकर्मीको सुरक्षा चुनौति

**हरेक विपत्तिमा अघि रहनुपर्ने सुरक्षाकर्मी आफैं जोखिममा छन् । भीड नियन्त्रण गर्न, नागरिकको जिउधनको सुरक्षा गर्न, अपराध अनुसन्धान गर्न वा प्राकृतिक तथा दैवी विपत्तिमा अग्रपंक्तिमा खटिने प्रहरी यतिबेला कोरोनाका कारण असुरक्षित छन् । सुरक्षा गर्नुपर्ने सुरक्षाकर्मी आफै असुरक्षित भएपछि नागरिक सुरक्षित हुन सक्दैनन् । चीनमा पहिलोपटक देखापरेको कोरोना भाइरस नेपालमा भेटिए लगत्तै भीडभाड रोक्न प्रहरी खटिएका थिए । त्यसबेलादेखि आजसम्म दिनहुँजसो भइरहेका राजनीतिक गतिविधिमा समेत उनीहरू नै अग्रपंक्तिमा रहेर स्वास्थ्य सुरक्षाका मापदण्डको पालना गराउन प्रयत्नरत् छन् । यसैलाई ध्यानमा राखेर सरकारले प्रोत्साहन भत्ता दिने घोषणा पनि गऱ्यो । तर, त्यसको कार्यान्वयन भएको छैन ।**

**सुरक्षाकर्मी नै असुरक्षित भए, संक्रमित र प्रोत्साहित नगरिए नागरिक वा देशको आन्तरिक सुरक्षा अथवा अपराध अनुसन्धान प्रभावित हुन सक्छ । प्रदेश नम्बर १ को आन्तरिक लगायतको सुरक्षा गर्ने दायित्व प्रदेश प्रहरी कार्यालय विराटनगरको हो । कोरोना संक्रमणको उच्च जोखिम रहेको प्रदेश भएका कारण यहाँका प्रहरीले बढी जोखिम व्यहोर्नुपर्छ । प्रदेश प्रहरी कार्यालय विराटनगरले प्रदेशका चौध जिल्लाका एक हजार तीन सय दुई जना प्रहरी कोरोना संक्रमित भएको जनाएको छ । अहिले पनि ५६ जना प्रहरी आइसोलेसनमा रहेका छन् । अहिलेसम्मको तथ्याङ्क अनुसार तीन वटा सुरक्षा निकाय मध्ये जनपदका प्रहरी बढी संक्रमित भएका छन् । निषेधाज्ञा कार्यान्वयन गराउन, सडक सुरक्षा, अपराध नियन्त्रण र सीमा सुरक्षामा खटिएका प्रहरी सबैभन्दा बढी जोखिममा छन् । उनीहरूलाई सुरक्षाका उपकरण, स्वास्थ्य सामग्रीको उचित र आवश्यक प्रबन्ध गर्ने पहिलो दायित्व प्रहरी नेतृत्वको हो ।**

**स्वास्थ्यविद्हरूले कात्तिक तेस्रो सातासम्ममा कोरोनाको तेस्रो लहर आउन सक्ने प्रक्षेपण गरेका छन् । सरकारले पनि स्वास्थ्य मन्त्रालय र जनस्वास्थ्यविद्हरूको प्रक्षेपणका आधारमा कोरोनाको तेस्रो लहरका विरूद्ध लड्न पूर्व तयारी थालेको छ । सम्पूर्ण संख्याको साठी प्रतिशत नागरिकलाई खोप लगाए मात्र भाइरस नियन्त्रण गर्न सकिने विज्ञहरूको भनाइ छ । तर, अहिलेसम्ममा कूल संख्याको सात प्रतिशतले मात्र खोप लगाउन पाएका कारण स्वास्थ्य जोखिम घातक हुन सक्नेतर्फ आ–आफू अनुशासित र सचेत हुनुको विकल्प छैन । सरकारले सम्भावित तेस्रो लहरबाट नागरिकलाई जोगाउन खोप अभियानलाई युद्धस्तरमा लैजानुपर्छ । तेस्रो लहरबाट बालबालिका र खोप नलगाएकाहरू बढी प्रभावित हुन सक्ने भएकाले खोप सरकारको प्राथमिकता पर्नुपर्छ । त्यसै पनि यो महिनामा संक्रमण बिस्तारको दर अत्यधिक रहेको छ । यस्तैमा जनजीवन सहज बनाउने नाममा निषेधाज्ञा क्रमशः खुकुलो पार्दै लगेको छ भने स्थानीय सरकारहरूले बन्द गर्न थालेका छन् । केन्द्र र स्थानीय सरकारको परस्पर बिरोधी निर्णय संक्रमण कम गर्न सहयोगी हुन सक्दैन । त्यसैले प्रहरी जस्तो कर्तव्यकै हिसाबले उच्च जोखिममा रहेको समूहलाई प्रोत्साहित गर्दै आमनागरिकको सुरक्षामा परिचालन गर्नुपर्छ ।**

# पत्रकारिताको प्रवर्द्धनमा प्रादेशिक सञ्चार प्रतिष्ठानको सरोकार



**गोपाल काफ्ले**

मुलुक संघीय संरचनामा रुपान्तरित भएपछि सात वटा प्रदेशमा विभाजन गरी जनतालाई सेवा प्रवाह गरिँदैछ। संविधानसभाबाट बनाइएको संविधान कार्यान्वयन गर्दै मुलुकमा तीन तहको सरकार क्रियाशील छन्- स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार। यी तीनमध्ये प्रदेश सरकारको मुख्य काम माथि र तलका दुईवटा तहको सरकारको काममा समन्वय स्थापित गर्ने रहेको छ। यही समन्वयकारी भूमिका निर्वाह गर्दै प्रदेश सरकारहरुले पनि संघीय सरकारले गरिरहेका कतिपय कामलाई सहज बनाउन प्रदेशस्तरमा निकायहरू निर्माण गरेका छन्।

प्रदेश १ सरकारले पनि हालसम्म चार वटा एपेक्स बडी निर्माण गरेर आफ्नो कामलाई चुस्त बनाउने प्रयास गरेको छ। प्रदेश योजना आयोग, प्रदेश लोकसेवा आयोग, प्रदेश लगानी बोर्ड र प्रादेशिक सञ्चार प्रतिष्ठान गठन गरी सरकारका कामलाई थोरै लचकउन्मुख बनाएको छ। विज्ञहरूको मतमा प्रदेश सरकारको स्थापना संघीय र पालिकालाई समन्वय गर्ने फिलोसफीमा आधारित छ। यही फिलोसफीलाई व्यवहारिक प्रयोग गर्दै अहिले एपेक्स बडीहरु क्रियाशील बन्न थालिसकेका छन्।

तीन वटा एपेक्स बडीहरूलाई छाडेर यो आलेखमा केवल प्रादेशिक सञ्चार प्रतिष्ठानका विषयमा संक्षिप्तमा केही लेख्नेछु। अरु केही प्रदेशका सरकारहरूले यही प्रकृतिको काम गर्ने निकायलाई फरक फरक नाम दिएको पाइन्छ। प्रदेश २ मा प्रादेशिक मिडिया काउन्सिल र बागमती प्रदेशमा प्रेस रजिष्ट्रारको कार्यालय भनिएको छ। ती दुईले संघीय सरकारको अधिकार क्षेत्रभित्र पर्ने कामहरु पनि गर्न थालेकाले केही विवाद सिर्जना भइरहेको छ।

प्रदेश १ मा प्रादेशिक सञ्चार प्रतिष्ठानको स्थापना प्रदेश स्वायत्त संस्था ऐन २०७६ को दफा १० ले दिएको अधिकार प्रयोग गरी आन्तरिक मामिला तथा कानून मन्त्रालय अन्तरगत रहने गरी भएको हो। प्रदेश सरकारले प्रादेशिक सञ्चार प्रतिष्ठान नियमावली २०७७ बनाएर मन्त्रिपरिषद्बाट स्वीकृत गरी २०७७ जेठ २१ मा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरेपछि यसको अस्तित्व सृजना भएको हो।

**पदाधिकारीको नियुक्ति एवम् प्रारम्भिक कार्य**

प्रादेशिक सञ्चार प्रतिष्ठान नयाँ संरचना भएकाले यसको स्थापनाका विविध चरणहरु पार गरेपछि मात्र क्रियाशील भएको हो। जसका लागि लामो समय व्यतित गर्नुपरेको तथ्यहरुबाट पुष्टि हुन्छ। प्रदेश १ सरकारले प्रादेशिक सञ्चार प्रतिष्ठान नियमावली २०७७ जारी गरेपछि आन्तरिक मामिला तथा कानून मन्त्री हिक्मतकुमार कार्की यसको अध्यक्ष बन्नुभएको छ।

नियमावलीको नियम ९ को उपनियम १ बमोजिम २०७७ पुस ६ गते मन्त्रिपरिषद्को निर्णयबाट बिराटनगरका अग्रज पत्रकार यज्ञप्रसाद शर्मालाई कार्यकारी निर्देशक नियुक्त गरेको छ। पुस १० गते उहाँको पदस्थापनपछि मात्र प्रतिष्ठान क्रियाशील बनको हो। कार्यकारी निर्देशक नियुक्तिपछि माघ २ गते कार्यसम्पादन करार गरिएको थियो भने माघ १६ गते चार जना सञ्चालक सदस्यहरू मनोनित गरेर हालसम्म आफ्ना कामहरु गर्दै आएको छ। यसरी मनोनित सदस्यहरुमा झापाबाट गोपाल काफ्ले, धनकुटाबाट राजेश्वर श्रेष्ठ, मोरङबाट महेन्द्र बिष्ट र सुनसरीबाट निलिफा सुब्बा छन्।

प्रतिष्ठानको पहिलो बोर्ड बैठक २०७७ माघ १६ गते आन्तरिक मामिला तथा कानून मन्त्रालयमा भएको थियो। सो बैठकले प्रतिष्ठानको नीति, कार्यक्रम र बजेट पारित गरेको थियो। प्रतिष्ठानमा आवश्यक कर्मचारीको न्यूनतम् दरबन्दी प्रस्ताव गरी मन्त्रालयमा पठाएको थियो। त्यसैगरी २०७८ वैशाख ३ गते मन्त्रालयसँगको सहकार्यमा नेपाल पत्रकार महासंघका जिल्ला र प्रदेश १ समितिका नवनिर्वाचित नेतृत्वलाई बधाई ज्ञापन गर्दै नव वर्षको शुभकामना आदानप्रदान गरिएको थियो।

यसबीचमा प्रतिष्ठानको खाता खोल्नमा ढिलाइ भयो। यस किसिमको संरचनाको परिकल्पना राष्ट्र बैंकले पनि गरेको रहेनछ। फलस्वरुप बैंकले नियमावली संशोधन गरी खाता खोल्दा २०७८ जेठ लागिसकेको थियो। समयमा आर्थिक कारोबार हुन नसकेको र कोभिड-१९को महामारी फैलिएर जताततै निषेधाज्ञा लागू भएको कारण त्यस वर्ष लक्षित कार्यक्रमहरू सञ्चालन गर्न सकिएन। त्यही भएर २०७८ जेठ २१ गतेमात्र प्रतिष्ठानको दोस्रो बोर्ड बैठकले वार्षिक कार्यक्रमको शीर्षक परिवर्तन गरी कोरोनाबाट संक्रमित भई गम्भीर अवस्थामा अस्पताल भर्ना भएका पत्रकार वा ज्यान गुमाएका पत्रकारका परिवारलाई आर्थिक सहयोग गर्ने निर्णय गरेको थियो। निर्धारित कार्यक्रमको रकम कोभिड-१९ पीडितलाई राहत प्रदान गर्ने गरी मापदण्ड बनाएर असार मसान्तसम्म सात जना पत्रकार र दुईजना पत्रकारको परिवारलाई राहत तथा सहयोग रकम प्रदान गरिएको छ।

**पहिलो चरणको आर्थिक सहयोग**

कोभिड-१९ संक्रमित भई गम्भीर अवस्थामा अस्पताल भर्ना भई उपचार गराउने, आइसीयु तथा भेन्टिलेटरमा बस्नुपरेका पत्रकारहरुलाई उपचार राहत तथा उपचारको क्रममा मृत्युवरण गरेका पत्रकारका परिवारलाई आर्थिक सहयोग प्रदान गरिएको प्रतिष्ठानका कार्यकारी निर्देशक शर्माको भनाइ छ।

उहाँका अनुसार नेपाल पत्रकार महासंघ पाँचथरका उपाध्यक्ष समेत रहेका एकराज भण्डारीका पत्नी शर्मिला दाहाललाई असार २६ गते पाँचथरमा पुगेर ५० हजार रुपैयाँको चेक प्रदान गरिएको थियो। त्यस्तै सप्तकोशी एफएमका प्रबन्ध निर्देशक, बानका अध्यक्ष सुनसरी निवासी चन्द्रप्रसाद न्यौपानेकी पत्नी अनिता गुरागाईलाई ५० हजार रुपैयाँको चेक बैंक मार्फत् पठाइएको थियो।

त्यस्तै, पत्रकारहरु पर्वत पोर्तेल (झापा) र बुद्धबीर राई (इलाम)लाई प्रतिष्ठानले गृहजिल्ला पुगेर असार २६ र २७ गते २५-२५ हजार रुपैयाँको चेक हस्तान्तरण गरेको थियो। प्रतिष्ठानका अधिकृत कर्मचारी उपेन्द्र श्रेष्ठका अनुसार हरिकुमार राई ( उदयपुर), लोकमणि रिजाल (खोटाङ), दीपेन्द्र रुम्दाली र जुद्धबहादुर राई (ओखलढुंगा) र सुरेन्द्र राई ( भोजपुर)लाई जनही २५ हजार रुपैयाँको चेक बैंक मार्फत् पठाइएको छ।

**प्रतिष्ठानको अधिकार क्षेत्र र काम**

प्रादेशिक सञ्चार प्रतिष्ठान यस प्रदेशको सञ्चार क्षेत्रको आधिकारिक सरकारी निकाय हो। यसको कार्यक्षेत्र प्रदेश १ का सबै खाले सञ्चारमाध्यम र पत्रकारहरू हुन्। यस प्रदेशको समग्र सञ्चार क्षेत्रको उन्नयनमा प्रतिष्ठानले काम गर्न सक्छ। अझै पनि प्रतिष्ठानका बारेमा नसुनेका पत्रकार साथीहरु धेरैजना हुनुहुँदोरहेछ। जबसम्म सरकारका यस्ता एपेक्स बडीहरुले सरोकारवालाका बीचमा रचनात्मक कार्यक्रमहरु लिएर जाँदैनन् तबसम्म यिनको पहिचान खुल्नेवाला छैन।



त्यसैले प्रादेशिक सञ्चार प्रतिष्ठान प्रदेश १ ले मूलतः पत्रकारको क्षमता अभिवृद्धि, पत्रकारको सुरक्षामा पहलकदमी, अध्ययन अनुसन्धान र सचेतना अभिवृद्धिका कार्यहरू सञ्चालन गर्ने नीति अंगिकार गरेको छ। बुँदागतरुपमा उल्लेख गर्दा प्रतिष्ठानले आगामी दिनमा निम्नानुसारका कामहरु सम्पादन गर्ने योजना बनाएको छ।

**क.** सञ्चारकर्मीको पेशागत दक्षता अभिवृद्धि सम्बन्धी कार्य अन्तर्गत विभिन्न किसिमका तालिम, गोष्ठी तथा अन्तरक्रिया गरिनेछ। पाठ्यक्रम निर्माण र प्रशिक्षण सामग्री तयारी, प्रशिक्षक प्रशिक्षणको माध्यमबाट सहजकर्ताको उत्पादन र वर्गीकरण गरिनेछ। योसँगै अध्ययन भ्रमण, विश्वविद्यालय र प्रविधिक शिक्षालयसँग सहकार्य गर्ने तथा लेखनवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ।

**ख.** पत्रकारको पेशाको संरक्षण र विकासका लागि अनुसन्धान शीर्षक अन्तर्गत रोजगारीको सुरक्षाका लागि सञ्चार माध्यमसँग समन्वय वा सम्वाद गर्ने, श्रमजीवी पत्रकार ऐन लागू गर्न प्रेरित गर्ने कार्य हुनेछन्। पत्रकारको पेशागत र भौतिक सुरक्षाका लागि नीति-निर्माणमा सरकारलाई सहयोग गर्ने, दुर्घटनामा परेका पत्रकार र उनको परिवारलाई आर्थिक सहयोग गर्ने, कडा प्रकृतिका रोग लागेका पत्रकारलाई आर्थिक सहयोग गर्ने तथा महामारीको कारण गम्भीर विरामी भएका पत्रकार तथा निजको परिवारलाई सहयोग गर्ने कार्यहरू पर्दछन्।

**ग.** प्रशिक्षण सामग्री तथा तालिमको पाठ्यक्रम तयार गरी पत्रकारहरूलाई दक्ष बनाउन आवश्यकपर्ने विधि अवलम्बन गरिनेछ। यसका लागि तालिम सञ्चालन गर्ने उद्देश्यले विगतदेखि स्थापना भएका संस्थाहरुसँग पनि समन्वय गरी यस प्रदेशका पत्रकारहरूको दक्षता अभिवृद्धिमा पहल गरिनेछ।

**घ.** विगतमा प्रेस काउन्सिल नेपाल, सूचना तथा प्रसारण विभाग, नेपाल पत्रकार महासंघसहित विभिन्न सरकारी/गैर सरकारी निकायले सञ्चालन गर्दै आएको पत्रकार आचारसंहिता र सूचनाको हक सम्बन्धी सचेतना कार्यक्रमहरु प्रादेशिक सञ्चार प्रतिष्ठान समेतको कार्यक्षेत्रभित्र पर्दछ। जस अन्तर्गत पत्रकार आचार संहिता, प्रसारण माध्यमको आचार संहिता, सूचनाको हक कार्यान्वयन सम्बन्धी सचेतामूलक कार्यहरु सञ्चालन गरिनेछ।

**ङ.** उद्देश्य मिल्ने विश्वविद्यालय तथा प्राविधिक शिक्षालयसँग सहकार्य गरी पत्रकारहरुको क्षमता वृद्धिसँगै औपचारिक शिक्षाका लागि पहल गरिनेछ।

**च.** दूर्घटनामा परेर गम्भीर घाइते भई उपचार गराउँदा होस् वा कडा रोग लागेर उपचारमा ठूलो धनराशि खर्चनु परेको होस्, प्रतिष्ठानले कम्तीमा एकपटक श्रमजीवी पत्रकार वा तिनको परिवारसँग भेटेर आर्थिक सहयोग गर्नेछ।

**प्रतिष्ठानका आगामी कार्यहरु**

१. प्रदेशका सञ्चारमाध्यम र पत्रकारहरू अवस्था झल्किने वस्तुगत विवरण (प्रोफाइल) तयार गर्ने।
२. पत्रकारको क्षमता विकासका लागि प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गर्ने।
३. आधारभूत पत्रकारिता तालिम सञ्चालन गर्ने।
४. तालिमका लागि पाठ्यक्रम निर्माण गरी लागू गर्ने।
५. प्रशिक्षकहरूको रोस्टर तयार गर्ने, वर्गीकरण र अभिमुखीकरण गर्ने।
६. श्रमजीवी पत्रकारलाई लक्षित गरी चौमासिकरूपमा लेखनवृत्ति कार्यक्रम सञ्चालन गर्ने।
७. सूचनाको हक र पत्रकार आचार संहितासम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
८. प्रेस काउन्सिल नेपाल, सूचना तथा प्रसारण विभाग जस्ता उद्देश्य मिल्ने संस्थासँग सहकार्य गर्ने।
९. समान प्रकृतिका निकायको भ्रमण र सिकाइ आदानप्रदान गर्ने।
१०. समसामयिक मुद्दामा पत्रकारलाई लेख्न प्रेरित गर्ने।
११. प्रतिष्ठानको लागि स्थायी संरचना निर्माणका लागि जमिनको खोजी गर्ने तथा भवन निर्माण गर्ने।
१२. प्रदेशभरका जिल्लामा पुगेर वा पहुँच क्षेत्रमा व्यवस्थापन गरेर अन्तरक्रिया तथा गोष्ठीहरु सञ्चालन गर्ने आदि।

यही पृष्ठभूमिमा प्रतिष्ठानले पाँचथर र इलाममा जिल्ला प्रशासन कार्यालयसँगको समन्वयमा असार २६ र २७ गते सञ्चार क्षेत्रका समस्याहरूबारे पत्रकारसहित सरोकारवालासँग छलफल गरेको थियो। कोभिड-१९ संक्रमण न्यूनीकरणका लागि स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेकै अवस्थामा जिल्ला प्रशासन कार्यालयकै बैठक कक्षमा सम्पन्न अन्तरक्रिया कार्यक्रमहरूमा आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव राजेन्द्रकुमार पौडेलसहित जिल्लाका सिडिओ, प्रहरी प्रमुखहरु लगायतको गुणात्मक उपस्थिति रहेको थियो। प्रतिष्ठानले चालू वर्षका लागि योजना बनाउन सहयोगी बन्ने अपेक्षाका साथ सम्पन्न कार्यक्रमले पत्रकार तथा सञ्चार माध्यमहरूको तात्कालीन अवस्था बुझ्न पर्याप्त मद्दत गरेको छ।

*(काफ्ले प्रादेशिक सञ्चार प्रतिष्ठान सञ्चालक समितिका सदस्य हुन्।)*

# कनकाईमा कोरोना परास्त गर्ने नयाँ उपायबारे बहस

**राम निरौला**

कोरोना संक्रमणको दोस्रो लहरसँगै जटिल बन्दै गएको मानव स्वास्थ्यलाई कसरी सहज बनाउन सकिन्छ भन्ने विषयमा कनकाई नगरमा अन्तरक्रियामूलक बहस शुरु भएको छ।

नगरबासीको स्वास्थ्यका विषयमा गम्भीर बन्दै आएका कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलले नगरभित्रका टोल समितिहरुसँग अन्तरक्रियामूलक बहस शुरु गरेका हुन्।

कोरोनाको अवस्थाका बारेमा वडास्तरीय टोल समितिहरुसँग जानकारी लिँदै नगर प्रमुख पोखरेलले शुरुवात गरेको कार्यक्रममा कोरोना संक्रमणको अवस्था, सचेतना तथा न्यूनीकरणका विषयमा छलफल भएको बताइएको छ। झापा गाउँपालिकासँग सीमा जोडिएको नगरको ग्रामीण क्षेत्रमा रहेको वडा नं. ५ साथै वडा नं. ४मा पहिलो चरणको कार्यक्रम सञ्चालन भएको नगर प्रमुख पोखरेलले बताएका छन्। सम्बन्धित वडाका वडाध्यक्षबाट सहजीकरण भएको कार्यक्रममा कनकाई नगरपालिकाकी उपप्रमुख मञ्जु प्रसाईंसहित कार्यपालिका सदस्य सावित्रा बर्देवा लगायत वडासमितिका सदस्यहरुको समेत सहभागिता रहेको बताइएको छ।

कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख पोखरेलले कोरोना संक्रमणको अवस्थाका बारेमा आफ्नो अनुभव सुनाउँदै सहभागीहरुलाई कोरोना संक्रमणको त्रासबाट निराश नबन्न अनुरोध गरेका छन्। हालसम्म कनकाई नगर क्षेत्रमा कोरोनाका कारण २९ जनाको निधन भएको जानकारी गराउँदै नगर प्रमुख पोखरेलले निधन हुनेहरुमध्ये केही दीर्घरोगी र बुढ्यौलीको मुख्य कारण रहेको जानकारी दिएका छन्।

संक्रमणकालीन अवस्थामा निराश भएर आत्मबल कमजोर बनाउनुभन्दा आवश्यक स्वास्थ्य सुरक्षा अपनाउँदै वडावासीमा सचेतना जगाउने कार्यमा थप सक्रिय रहन नगर प्रमुख पोखरेलले टोल समितिका पदाधिकारीलाई सुझाव दिएका छन्। वडामा स्वयम्सेवकका रुपमा क्रियाशील रहेका टोल समितिका पदाधिकारीहरु साथै समाजमा अग्र भागमा रहेका विभिन्न सरोकारवाला निकायका पदाधिकारीहरुलाई समेत कोरोनाविरुद्धको खोप लगाउने कार्यमा चासो राख्न नगर प्रमुख पोखरेलले सुझाव दिएका छन्।

कोरोना संक्रमणलाई न्यूनीकरण गर्ने कार्यमा अन्य पालिकाको तुलनामा कनकाई नगरपालिकाले कुनै पनि कन्जुस्याइँ नगरेको प्रष्ट पार्दै नगर प्रमुख पोखरेलले कोरोनाका कारण हुने मृत्युलाई पूर्ण रुपले



रोकथाम गर्ने कार्यमा नगरमा क्रियाशिल राजनीतिक दल, सरोकारवाला विभिन्न संघ-संस्था, समाजसेवी, उद्योगी, व्यवसायी, सुरक्षाकर्मी, सञ्चारकर्मी सबैमा विशेष अनुरोध गरेका छन्।

विभिन्न उमेर समूह र सेवा क्षेत्रमा रहेका नगरवासीका लागि विभिन्न चरणमा आएको कोरोना विरुद्धको खोप नगरपालिकाबाट वितरण भइरहेको बताउँदै नगर प्रमुख पोखरेलले नगरवासीका लागि खोप अनिवार्य गर्न माथिल्लो निकायसँग आफूले पहल गरिरहेको बताएका छन्। एकैपटकमा खोपको मात्रा धेरै नआउने भएकाले विभिन्न चरणमा आएको सीमित खोपलाई क्रमिक रुपले वितरण गर्दै लगेको नगर प्रमुखले प्रष्ट पारेका छन्।

कनकाई नगरको वडा नं. ५मा २४ वटा साथै वडा नं. ४मा १५ वटा क्रियाशिल टोल समितिका संयोजकहरुको उपस्थितिमा सम्बन्धित वडा कार्यालयमै सञ्चालन भएको अन्तरक्रियामूलक कार्यक्रममा नगर प्रमुख पोखरेलले नगरपालिकाको स्वास्थ्य सेवाका विषयमा केही सञ्चारमाध्यम मार्फत उठेका सवालको समेत जवाफ दिएका छन्। कनकाई नगरवासीसहित आसपासका सेवाग्राहीको स्वास्थ्यलाई मध्यनजर गर्दै प्रविधिसहितको विशेषज्ञ सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधारको व्यवस्थापनमा रहेको नगर अस्पताल सञ्लालन हुन नदिने विभिन्न षड्यन्त्र भइरहेको प्रतिक्रिया दिँदै नगर प्रमुख पोखरेलले भ्रमको पछि नलाग्न सम्बन्धित सबैलाई अपिल गरेका छन्। कनकाई नगरपालिकाको नेतृत्वमा जो कोही पनि आउन सक्छ तर मानवीय स्वास्थ्यमा प्रत्यक्ष सरोकार राख्ने स्वास्थ्य अस्पताल सबै पक्ष र समुदायको साझा सम्पत्ति भएकाले यसलाई राजनीतिकरण नगर्न नगर प्रमुखले सम्बन्धित पक्षलाई आग्रह गरेका छन्।

टोल समितिसँग भएको अन्तरक्रियामूलक वडा नं. ५को कार्यक्रममा वडाध्यक्ष कृष्णबहादुर राईले सहजीकरण गरेका थिए। कार्यक्रममा वडास्तरीय टोल विकास संस्थाका संयोजकहरु प्रदीप उप्रेती, गंगाराम अधिकारी, तिलकबहादुर बस्नेत, गोविन्द कार्की, डिल्लीराम उप्रेती, छत्रबहादुर चौहान, तपनकुमार मण्डल, वडाका सहजकर्ता सुरेशकुमार गौतम लगायतले आ-आफ्नो धारणा राखेका थिए।

त्यस्तै नगरपालिकाका प्रवक्ता समेत रहेका वडा नं. ४ का वडाध्यक्ष गोविन्द पौडेलले सहजीकरण गरेको कार्यक्रममा वडास्तरीय टोलविकास संस्थाका संयोजकहरु दुर्गाप्रसाद चापागाँईं, डिल्लीराम भुर्तेल, इन्द्रध्वज कार्की, खगेन्द्र अधिकारी, बुद्धिप्रसाद सुवेदी, नेत्रप्रसाद भट्टराई लगायतले नगरप्रमुख र उपप्रमुखलाई वडामा भएका समस्याका बारेमा आ–आफ्नो धारणा राखेका थिए।

# सुनसान शिवसताक्षी नगरपालिका



☐ विनोद सापकोटा

**झिलझिले, साउन १२।** कोरोना महामारी रोकथाम तथा नियन्त्रण गर्न शिवसताक्षीमा मंगलबादेखि एक साता निषेधाज्ञा शुरु भएको छ।

निषेधाज्ञाको पहिलो दिन मंगलबार नगरका सडकमा चहलपहल घटेको छ। सडक क्षेत्रका पसलहरू खुलेका छैनन्। चोक-चोकमा बसेर नेपाल प्रहरी, सशस्त्र र ट्राफिक प्रहरीले परिचयपत्र जाँचमा कडाइ गरेका छन्। निषेधाज्ञा कडाइका साथ लागू गर्न नगरभित्र नेपाल प्रहरी र सशस्त्र प्रहरी टोलीलाई बाक्लो रूपमा तैनाथ गरिएको छ।

सडकमा गुडेका सवारी नियमन र अनुगमन र निषेधाज्ञा कडाईका साथ लागू गर्न ठूलो संख्यामा प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ। निषेधाज्ञा पालना गराउन कै लागि नगर क्षेत्रमा दुई सयको संख्यामा नेपाल प्रहरी, सशस्त्र र ट्राफिक प्रहरी खटाइएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

सडकमा चेक प्वाइन्ट, पिकेट, मोबाइल गस्ती, स्ट्राइकिङ, रिजर्भ र सादा पोसाकका सुरक्षाकर्मीलाई फरक-फरक भूमिकामा परिचालन गरिएको प्रहरीले जनाएको छ। प्रहरी र सशस्त्रले निषेधाज्ञा उल्लंघन गर्नेलाई नियन्त्रणमा लिने बताएको छ।

अत्यावश्यक सेवा र अनुमतिबाहक बाहेकका सवारी र पैदलै आवागमन गर्नेलाई नियन्त्रण लिएर प्रहरीले होल्ड, जरिवाना र कोरोना महामारीको बारेमा जानकारी दिएर छाड्ने जनाएको छ। निषेधाज्ञाको उल्लंघन गरेर नियन्त्रणमा लिएका मानिस छुटाउन प्रहरीलाई कसैले पनि दबाव नदिन इलाका प्रहरी कार्यालय झिलझिले अनुरोध गरेको छ। 'राजनीतिक दलका नेता अर्थात् जनप्रतिनिधि नै किन नहुन निषेधाज्ञा उल्लंघन गरेको पाइए कसैलाई पनि छाडिने छैन। यसपटक कसैको पनि सिफारिस सुन्नेवाला प्रहरी छैन' -इलाका प्रहरी कार्यालय झिलझिलेका प्रहरी निरीक्षक ध्रुव नारायण श्रेष्ठले भने।

औषधि तथा अत्यावश्यक सेवा वस्तु खरिद गर्न बाहेक हिँडडुलमा रोक लगाइएको छ। दूध, खाद्यवस्तु, खाना पकाउने ग्यास तथा तरकारी पसल ठप्प छन्। नगरका भित्री बजार पनि पूर्ण बन्द छन्। मंगलबारे, पाराबारी, शिवगञ्ज, बोलोचोक, जनता बजार पनि ठप्प छन्। भित्री सडकमा साइकल मोटर साइकलमा सर्वसाधारण हिँडडुल गरिरहेका छन्। स्थानीयबासीले नगरका जनप्रतिनिधिले निषेधाज्ञाको अनुगमन गर्नुपर्ने बताए।

# एनआरएनए युएईको उपाध्यक्षमा राजेन्द्रको उम्मेदवारी

**झापा, साउन १२।** एनआरएए युएईको आसन्न अधिवेशनका कारण युएईको नेपाली सामाजिक जनजीवन चलायमान भएको छ।

आगामी जुलाई ३० मा हुन लागेको अधिवेशनमा नेतृत्वको लागि उम्मेदवारी दाबी गर्ने सिलसिलामा उपाध्यक्षको लागि राजेन्द्र रोस्याराले उम्मेद्बारी दिने भएका छन्। वैदेशिक रोजगारीको सिलसिलामा १३ वर्ष अगाडि धनगढीको कैलालीबाट आएका रोस्यारा उत्तरी इमिरेट्सको नेपाली समुदायमा सामाजिक अभियन्ताको रूपमा उच्च छवि बनाएका व्यक्तित्व हुन्।

सामान्य रोजगारी गर्न युएई आएका रोस्यारा राक क्षेत्रमा रेस्टुरेन्टको क्षेत्रमा लगानी गरेर व्यावसायिक अनुभव सँगालेका सहयोगी र कर्तव्यबोध भएका युवा हुन्। युएईका आम नेपालीमा उनी नयाँ जस्ता देखिए पनि हरेक सामाजिक, सांस्कृतिक, राजनीति व्यक्तित्वको नजरमा उनी जिम्मेवार र कर्तव्यनिष्ठ युवा समाजसेवी हुन्। गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् युएईको आसन्न २१-२३ कार्यकालको लागि रोस्याराले उपाध्यक्ष पदमा आफ्नो दाबेदारीको घोषणा गर्दै आफ्नो जीत सुनिश्चित भएको दाबी गरेका छन्।

सन् २०१३ देखि २०१७ सम्म दुई कार्यकाल एनआरएनए राक क्षेत्रको अध्यक्षको जिम्मेवारसम्मले र उत्तरी इमिरेट्समा एनआरएनएको साख जोगाउने मध्येका एक दरिला स्तभ हुन् रास्योरा। यति मात्रै नभएर उनी विभिन्न संस्थाहरुमा सल्लाहकारका रूपमा विगतदेखि हालसम्म पनि कार्यरत् छन्। रोस्यारा आवद्ध संस्थाहरुमा इनास राक, सुदुरपश्चिम सेवा समाज, नेपाली समाज राक, जनप्रगतिशील मञ्च राक, एनआरएनए राक, नेप्लिज एसोसिएसन राक क्षेत्रमा सल्लाहकार भएर आफ्नो सम्लग्नता जनाइसकेका छन्।

एनआरएनए राक क्षेत्रको वरिष्ठ सल्लाहकार समेत रहेका रोस्यारा आफ्नो क्षेत्रमा समस्यामा परेका नेपालीहरुका लागि दिनरात केही नभनी काम गर्ने युवा भएकोले उनको जीत भनेको समग्र नेपालीहरुको विजय सावित हुने कुरा झापाली समाज युएईका राक क्षेत्र अध्यक्ष केशव कार्कीले प्रतिक्रिया दिएका छन्।

# कारितासद्वारा मेची अस्पताललाई स्वास्थ्य सामग्री



**भद्रपुर, साउन १२।** अन्तर्राष्ट्रिय गैरसरकारी सामाजिक संस्था कारितास नेपालले झापाको मेची प्रादेशिक अस्पताललाई १६ लाख रुपयाँभन्दा बढीको अत्यावश्यक स्वास्थ्य सामग्री प्रदान गरेको छ।

नेपालमा दोस्रो लहरको संक्रमण फैलिएयता कारितासले मेची प्रादेशिक अस्पताललाई स्वास्थ्य सामग्री उपलब्ध गराएको यो दोस्रोपटक हो।

विभिन्न देशका कारितासहरुको आर्थिक सहयोगमा जुटाइएको स्वास्थ्य सामग्रीमा २ लाख १० हजार मूल्य बराबरको १० थान अक्सिजन सिलिण्डर, ५ लाख ८० हजार मूल्य बराबरको ४ थान अक्सिजन कन्सन्ट्रेटर, ४ लाख ९५ हजार ७८८ रुपैयाँ मूल्य बराबरको ४५० सेट पीपीई, १ लाख ३२ हजार मुल्य बराबरको १०० बट्टा सर्जिकल पञ्जा, ६४ हजार १५ रुपैयाँ मूल्य बराबरको ५१५ बट्टा सर्जिकल मास्क, ४९ हजार ९४६ रुपैयाँ मूल्य बराबरको ३४ थान अक्सिमिटर, ४५ हजार ८७ रुपैयाँ मूल्य बराबरको २१० बट्टा स्यानिटाइजर र २४ हजार ९९० रुपैयाँ मूल्य बराबरको भेन्चुरी मास्क रहेको कारितास नेपालका कर्मचारी गोविन्दराज कट्टेलले बताए।

अस्पतालको कोभिड वार्ड परिसरमा सोमबार अस्पताल व्यवस्थापन समितिका अध्यक्ष एवम् जिल्ला समन्वय समिति झापाका प्रमुख सोमनाथ पोर्तेल र अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. टंकप्रसाद बाराकोटीलाई कारितास नेपाल, दमक शाखा कार्यालय प्रमुख देवेन्द्र पोखरेलले ती स्वास्थ्य सामग्री हस्तान्तरण गरेका थिए। त्यस अवसरमा भद्रपुर नगरपालिकाका प्रमुख जीवनकुमार श्रेष्ठको पनि उपस्थिति थियो। यसअघि, कारितास जर्मनको आर्थिक सहयोगमा ११ लाख रुपैयाँभन्दा बढीको स्वास्थ्य सामग्री मेची अस्पताललाई प्रदान गरिएको थियो।

दोस्रो लहरको कोरोना संक्रमण तीव्र रुपमा फैलिएको, संक्रमण दर तीब्र हुँदा र अस्पताल जानुपर्ने विरामीको संख्या निकै भएको, धेरै बिरामीमा अक्सिजनको मात्रा कम हुने, श्वासप्रश्वासमा निकै समस्या हुने गरेको पाइएकोले त्यस्तो बेला बढी आवश्यक पर्ने स्वास्थ्य सामग्री अस्पताललाई हस्तान्तरण गरिएको पोखरेलले बताए।

कारितास नेपालले सामाजिक उत्तरदायित्व अन्तर्गत मेची अस्पतालनजिक क्षयरोग निवारण संस्थाको परिसरमा अस्पतालसँगको सहकार्यमा कोभिड १९ हेल्पडेस्क पनि सञ्चालन गरिरहेको छ भने यसै वर्ष झापाकै कमल गाउँपालिकाको आइसोलेशन सेन्टर र दमकमा पनि स्वास्थ्य तथा राहत सामग्री सहयोग गरेको पोखरेलको भनाइ छ।

कारितास नेपालले हस्तान्तरण गरेको स्वास्थ्य सामग्री जिम्मा लिँदै अस्पतालका अध्यक्ष पोर्तेलले कोभिड-१९ महामारी नियन्त्रण एवम् संक्रमितहरुको उपचारमा ती सामग्री अत्यन्तै उपयोगी हुने बताए। उनले कारितास नेपालले पुर्‍याएको सहयोगप्रति आभार प्रकट गरे। मेडिकल सुपरिन्टेन्डेन्ट डा. बाराकोटीले कारितास नेपालले कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि अत्यावश्यक स्वास्थ्य सामग्री सहयोग गरेको बताए।

# महिन्द्रा मनसुन सर्भिस क्याम्प




**झापा, साउन १२।** महिन्द्रा फोरव्हीलरको नेपालका लागि एकमात्र अधिकृत बिक्रेता अग्नि समूहको सहायक कम्पनी बालाजु अटोवर्क्स प्रालिले यही श्रावण १४ र १५ गते देशव्यापीरुपमा महिन्द्रा मनसुन सर्भिस क्याम्प आयोजना गर्ने भएको छ।

महिन्द्राका सम्पूर्ण फोरव्हीलर गाडीहरुको ३०-पोइन्ट चेकअपलाई प्राथमिकता दिँदै आयोजना गर्न लागिएको यस सर्भिस क्याम्पमा ग्राहकहरुले आकर्षक उपहार प्राप्त गर्ने बताइएको छ। ग्राहकहरुको सेवासुविधालाई मध्यनजर गर्दै यस सर्भिस क्याम्पमा गाडीको ३०-पोन्ट चेकअप मार्फत् सवारीको अवस्था सम्पूर्णरुपमा उत्कृष्ट रहेको जानकारी दिइएको छ।

महिन्द्रा मनसुन सर्भिस क्याम्प यही श्रावण १४ र १५ गते नेपाल अधिराज्यभरका सम्पूर्ण आधिकारिक वर्कशपमा एकैसाथ सञ्चालन गरिने बताइएको छ। यस क्याम्पमा सहभागी भई भरपुर फाइदा लिनका लागि ग्राहकहरुले चाँडै नै महिन्द्राको आधिकारिक सर्भिस सेन्टरमाबुकिङ्ग गर्नुपर्ने बताइएको छ। साथै, ग्राहकहरुले बुकिङ्गको लागि दिइएका टोल फ्री नम्बरहरु १६६००१००२०० (नेपाल टेलिकम) र ९८०१५७१२१२ (एनसेल) मा सम्पर्क गर्न सक्ने कम्पनीले बताएको छ।

# चौधरीद्वारा नाडाको अध्यक्ष पदको लागि उम्मेदवारी घोषणा



**झापा, साउन १२।** सीजी होल्डिङ्स तथा सिजी मोटोकर्पका कार्यकारी निर्देशक करण चौधरीले नाडा अटोमोवाइल्स एशोसिएशनको आगामी अध्यक्षका लागि उम्मेदवारी घोषणा गरेको छ।

उनी नाडाको हालको कार्यसमितिमा उपाध्यक्ष हुन्। नाडा सात वटै प्रदेशमा विस्तार भइसकेको अवस्थामा सबै प्रदेश संरचनालाई अझै व्यवस्थित र बलियो बनाई नाडालाई संस्थागतरुपमा दरिलो रुपमा अगाडि बढाउने उद्देश्यका साथ उम्मेदवारी दिएका छन्।

अटो मोबाइल व्यावसाय भनेको सरकारलाई सर्वाधिक कर बुझाउने एवम् निजी क्षेत्रमा ठूला रोजगार प्रदान गर्ने व्यावसाय भएको हुनाले सरकार र व्यवसायी दुबैको उच्चतम् हितमा काम गर्न मिल्ने सहज वातावरण बनाउन सरकारको नीतिगतरुपमा समेत अटो व्यावसायलाई कसरी सहज बनाउने भन्ने कुरामा काम गर्ने समेत उनको उद्देश्य रहेको छ।

उनले कोरोना महामारी र लकडाउनका कारण नेपालका अटोमोवाइल व्यवसाय संकटमा परेकाले यस व्यवसायको पुनरुत्थान सँगै यस क्षेत्रमा नयाँ आकर्षण, नयाँ उत्साह ल्याउन जरुरी रहेको बताए। हाल नाडाको अध्यक्षमा कृष्णप्रसाद दुलाल हुन्।


## पसल तु-बिक्रीमा

बिर्तामोडस्थित शनिश्चरे रोडमा अति चालू अवस्थाको कोल्ड सेन्टर तु-बिक्रीमा छ।

मो. ९८१४९६३४८८

## सटर भाडामा

बिर्तामोड नगरपालिका-३ घैलाडुब्बा रोड बिर्ताबजार चोकमा खाली सटर भाडामा छ। व्यापारिक प्रयोजनमा रहेको उक्त सटर भाडामा लिन चाहनेले तु-सम्पर्क गर्नुहोला।

मो. ९८१४०२७४६१, ९८४२६५४६३८

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोन झट्ट सेवा'




सम्पर्कः ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।


## बिर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

## बिर्तामोड नगरपालिकाको फोहोरमैला बिसर्जन स्थल भाडामा लिने सम्बन्धी सूचना

*प्रथमपटक प्रकाशित मितिः २०७८/०४/१२*

बिर्तामोड नगरपालिका क्षेत्रभित्र उत्पादन भई विसर्जन गर्नुपर्ने फोहोरमैला विसर्जनको लागि न्यूनतम २ बिगाहा जग्गा आवश्यक परेको हुँदा तपसिलको सर्तहरुको अधिनमा रही फोहोर विसर्जन स्थल उपलब्ध गराउन चाहने इच्छुक व्यक्ति वा संस्था वा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र शिलबन्दी निवेदन पेश गर्नुहुन इच्छुक व्यक्ति, संस्था वा कम्पनीहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल :**

१. बिसर्जन स्थलको लागि बिर्तामोड नगरपालिका वा अर्जुनधारा नगरपालिका क्षेत्रभित्रको जग्गा हुनुपर्नेछ।
२. भाडामा उपलब्ध गराउन चाहने जग्गा न्यूनतम् २ बिगाह हुनुपर्नेछ।
३. जग्गा जसको स्वामित्वमा रहेको स्वयम्ले निवेदन दिनुपर्नेछ। जग्गा धनी आफू उपस्थित हुन नसके मञ्जुरीनामा दिई निजको हकमा निजले तोकेको व्यक्तिले शिलबन्दी निवेदन पेश गर्न सक्नेछ।
४. शिलबन्दी निवेदन साथ जग्गाधनी दर्ता प्रमाण पत्रको प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नुपनेछ। र, प्रचलित कानून बमोजिम तिर्ने बुझाउनुपर्ने कर बुझाएको रसिद समेत पेश गर्नुपर्नेछ।
५. निवेदन साथ आफूले कति रकममा भाडामा दिन चाहेको हो सो रकम अंक र अक्षरमा बुझिनेगरी उल्लेख गरी पेश गर्नुपर्नेछ।
६. उक्त जग्गा भाडामा न्यूनतम एक वर्षको लागि उपलब्ध गराउनुपर्नेछ।

**गणेशप्रसाद दाहाल : प्रमुख प्रशासकीय अधिकृत**


## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२/९८०१३६४०९३**


## बिर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

## कृतिम गर्भाधानकर्ताको सूचीकरण सम्बन्धी सूचना

*प्रथमपटक प्रकाशित मितिः २०७८/०४/१२*

प्रस्तुत विषयमा बिर्तामोड नगरपालिका पशुपंक्षी तथा मत्स्य विकास शाखाको चालू आ. २०७८/०७९ को स्वीकृत कार्यक्रम अनुसार पशु नश्ल सुधार (कृतिम गर्भाधान गाई, भैंसी र बाख्रा अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक पशु स्वास्थ्य प्राविधिकहरुलाई आवश्यक तपशिलका कागजातसहित सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा सूचिकृत हुन जानकारी गरिन्छ।

**तपशिल :**

१. नेपाली नागरिकताको छायाँकपी थान १
२. टि.एस.एल.सि. वा सो सरहको शैक्षिक प्रमाण पत्रको छायाा कपी १/१ थान
३. कृ.ग. सम्बन्धी तालिमको प्रमाण पत्रको छायाँ कपी १ थान
४. वडा कार्यालयको सिफारिस पत्र १ थान

नोट : कृ.ग.कर्ता यसै नपाको कार्यक्षेत्रमा स्थायी बसोबास गरेको हुनुपर्नेछ।

**गणेशप्रसाद दाहाल : प्रमुख प्रशासकीय अधिकृत**


## कर्मचारी आवश्यकता

ग्रेट फ्युचर मार्ट कम्पनीलाई केही कर्मचारी आवश्यक परेकाले इच्छुक व्यक्तिले दरखास्त दिनुहोला।
**पदः** पीआरओ
**संख्याः** ८ जना (महिला/पुरुष)
**योग्यताः** +२ वा सो सरह
**तलबः** १३,६०० सम्म

सम्पर्कः G.F.M. कार्यालय, बिर्तामोड-४, भद्रपुर स्टेण्ड (झापा)
9817930772/ 9814397340

नोटः सञ्चयकोष। यातायात। नास्ता। बोनसको व्यवस्था रहेको छ।

## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६-९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्य (९८४२६२३१५२)

## सुरक्षा गार्डको आवश्यकता

२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र २० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।
*भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राहयता।*

विराट गोर्खा सेक्युरिटी प्रा. लि.
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०, ९८०४७३१५६८, ९८०४५६७८७२

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** हतारको निर्णयले समस्या निम्त्याउन सक्छ। आत्मसम्मानका लागि मौन रहनु बेस होला। बलजफ्तीले लक्ष्यमा पुग्न समस्या पर्नेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** बुद्धिको उपयोगले काम लिने चेष्टा गर्नुहोला। अरूका लागि बुद्धि खर्चनुपर्ने देखिन्छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** व्यवसायभन्दा सेवामूलक कामबाट राम्रो उपलब्धि प्राप्त हुनेछ। तत्काल ठूलो फाइदा नदेखिएकाले लाभ उठाउन हतार नगर्नुहोला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** परिस्थितिवश आँटेको काम रोकिन सक्छ। खानपानको सोखले स्वास्थ्य पनि प्रतिकूल बन्न सक्छ। अवसरका साथ केही चुनौति पनि देखा पर्ने छन्।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** प्रयत्न गर्दा भैपरी आउने समस्या समाधान हुने छन्। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** पहिलेको सफलताले हौसला प्रदान गर्नेछ। आफ्नो स्वामित्वका वस्तुमा भने अरूले दाबी गर्न सक्छन्।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुहोला। फाइदाका लागि केही वस्तु त्याग्नुपर्ला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ। लामो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। आफ्नाबाट भने टाढिनुपर्ने हुन सक्छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** केही खर्च लागे पनि यात्राको प्रक्रिया अघि बढ्नेछ। लगानी बढाउनुपरे पनि प्रतीक्षित नतिजाले उत्साह भने जगाउनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** आँटले काम बन्नेछ भने आम्दानीले उत्साह जगाउनेछ। श्रमको उचित मूल्यांकन हुनाले राम्रै प्रतिफल हातलागी हुनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** व्यापारमा राम्रै फड्को मार्न सकिनेछ। सट्टापट्टा, लेनदेन आदिमा मनग्गे फाइदा हुनेछ। मेहनतले लक्ष्यमा पुऱ्याउनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** विभिन्न स्रोत-साधन जुट्ने छन् र धन संग्रह पनि हुनेछ। व्यापारमा थन्किएका वस्तु बिक्री हुने छन् र अड्किएको रकम उठ्नेछ।